मिति : २०८१/३/ ९ गते (आइतबार)　　　　स्थान : पोखरा सभागृह BPC हल

बैठक संख्या : ३१　　　　　　　　　　　　समय : बिहान : ७ : ३० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | कार्यपालिका सचिवालय | | | |
| ४५ | प्रशासनीक कार्य गर्ने | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| | | | | |

पोखरा महानगरपालिका
न्यूरोड, पोखरा

## कार्यपालिकाको ३१ औं बैठकका प्रस्तावहरु:

१। ३० औं कार्यपालिका बैठक निर्णय सम्बन्धमा।

२। आ.व २०८१/८२ को नीति तथा कार्यक्रम सम्बन्धमा।

३। नगर सभा समक्ष पेश हुने आ.व २०८१/८२ को आय व्यय विवरण सम्बन्धमा।

४। विधायन समितिबाट प्रस्तुत हुने विधेयक सम्बन्धमा।

क) राष्ट्र बिभूति पार्क व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८१

ख) पेइड इन्टर्न कार्यविधि २०८१

ग) संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि (पहिलो संशोधन २०८१)

घ) गुठीद्वारा सञ्चालित शैक्षिक संस्था सम्बन्धि कार्यविधि २०८१

ङ) शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि २०८१

च) स्वास्थ्य विमा गठन सम्बन्धि कार्यविधि २०८१

छ) शिक्षक दरबन्दी मिलान कार्यविधि २०८१

ज) पोखरा सम्पदा वस्ती संरक्षण तथा व्यवस्थापन सम्बन्धि विधेयक २०८१

झ) दलित सशक्तिकरण विधेयक २०८१

५। **विविध**

**क.** DEAF JAMMY'S BUBBLE TEA AND COFFEE SHOP पोखरा म.न.पा-३१ लाई फर्निचरका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

**ख.** भुकम्प लाभग्राही सुविधा बमोजिम अभिलेखिकरणमा राजश्व छुट सम्बन्धमा।

**ग.** सम्मानित उच्च अदालत पोखराको आदेश सम्बन्धमा।

घ. नगर प्रहरीको पोसाक तथा विमाको भुक्तानी सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## ३१ औं कार्यपालिका बैठक (२०८१/०३/०९) का निर्णयहरु

**निर्णय नं. १** : पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. ३० बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २** : मणिपाल शिक्षण अस्पतालको भवनहरुको नक्शापास सम्पन्न प्रमाणपत्र सम्बन्धमा महालेखा परिक्षकको कार्यालयको आ.व २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा महानगरमा दाखिला भएको रकम भन्दा बढी उठाउनुपर्ने र सो सम्बन्धमा रकम एकिन गर्न निर्देशन गरिएको हुँदा पोखरा महानगरपालिका नगर कार्यपालिकाको मिति २०७९/१२/१० को १६ औं बैठकबाट भएका नक्सापास सम्बन्धी निर्णय नं ८ र ३३ लाई खारेज गरी सम्बन्धित शिर्षकको राजश्व दस्तुर एकिन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : नगर सभाध्यक्षबाट १५ औं नगर सभामा समक्ष प्रस्तुत हुने आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा छलफल पश्चात सर्वसम्मतीले पारित गरी नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : आगामी आ.व २०८१/८२ का लागि बजेट स्रोत अनुमान तथा सिमा निर्धारण समितिले गरेको कूल श्रोत अनुमानमा बार्षिक विकास कार्यक्रमका लागि रु ४३,००,००,०००।- नपुग हुने भएकोले उक्त नपुग रकम राजश्व परामर्श समितिले सिफारिस गरेको स्रोत अनुमान मध्ये आन्तरिक स्रोतको अनुमान तर्फ रु.१,५५,५१,४०,०००/- तथा स्थानीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु १,१२,८६,६१,०००।- कायम गरी बार्षिक बजेट संघीय तथा प्रदेश अनुदान तथा बाँडफाड हुने राजश्व समेत कुल स्रोत अनुमान रु ७,५१,३२,८३,०००।- कायम गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : नगरसभा उपाध्यक्षबाट १५ औं नगर सभामा प्रस्तुत हुने आ.व. २०८१/०८२ को आय व्यय विवरणमा छलफल पश्चात सर्वसम्मतले पारित गरी नगर सभा समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : १) तपशिल वमोजिम विधेयक तथा संशोधन विधेयक र कार्यविधि छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) आर्थिक विधेयक, २०८१

ख) विनियोजन विधेयक, २०८१

ग) आ.व. २०८१/०८२ को आय व्यय विवरण(बजेट)

घ) वार्षिक विकास कार्यक्रम, २०८१/०८२

ङ) भवन नियमित तथा अभिलेखिकरण कार्यविधि, २०८० (पहिलो संशोधन- २०८१)

च) केहि ऐनहरु संशोधन गर्न बनेको विधेयक, २०८१

छ) न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ (तेस्रो संशोधन-२०८१)

(२) पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भै आएका तपशिल बमोजिम कार्यविधिहरु छलफल गरी सर्वसम्मतिबाट स्विकृत गर्ने निर्णय गरियो ।

क) गुठीद्वारा सञ्चालित शैक्षिक संस्था सम्बन्धि कार्यविधि, २०८१

ख) शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि, २०८१

ग) स्थानीय स्वास्थ्य विमा (गठन तथा संचालन) कार्यविधि, २०८१

घ) शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१

**निर्णय नं ७** : ३० औं नगर कार्यपालिकाको निर्णय नं १० बमोजिम गठन भएको समितिमा तपशिल बमोजिम सदस्यहरु थप गर्ने निर्णय गरियो ।

क) सदस्य- श्री राधिका शाही, वडा अध्यक्ष वडा नं १७

ख) सदस्य- श्री मोतिलाल तिमिल्सिना, वडा अध्यक्ष वडा नं २५

**निर्णय नं ८** : महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणमा औंल्याइएका महानगरको हाल सम्मको बेरुजु रकमका सम्बन्धमा नियमित गर्नुपर्ने तर्फ सम्बन्धित व्यक्ति, संस्था, कम्पनी तथा कर्मचारीहरुबाट कागजात संकलन, अध्ययन, विश्लेषण गरी राय सहित सम्परीक्षणको लागि सिफारिस गर्ने तथा असुल उपर गर्नुपर्ने तर्फ सम्बन्धित व्यक्ति, संस्था, कम्पनी तथा कर्मचारीहरुबाट बेरुजु रकम दाखिला भएको प्रमाण रहेको भए पेश गर्न लगाई असुल उपर गर्नुपर्ने रकम कडाइका साथ असुल गराउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियोः

**निर्णय नं. ९** : स्वास्थ्य महाशाखा अन्तर्गत अर्मला प्राथमिक स्वास्थ्य केन्द्र मा कार्यरत जनस्वास्थ्य निरीक्षक श्री महेन्द्र गुरुङ (कर्मचारी संकेत नं. २०९९३३) ले चिकित्सा शिक्षा आयोगले स्नातक तहमा विद्यार्थी भर्नाका लागि आव्हान गरेको BPH(Bachelor in Public Health) विषयमा Entrance Examination का लागि आवेदन फारम भर्न र सो विषय आफ्नो सेवा समूहलाई उपयोगी हुने माथिल्लो शैक्षिक योग्यता भएको भनी (Bachelor in Public Health) अध्ययन गर्नका लागि अध्ययन पूर्व स्वीकृति माग गरेको हुँदा BPH निजको सेवा समूहसंग सम्बन्धित र अध्ययन गर्न आवश्यक विषय देखिएकोले अध्ययन पूर्व स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. १०** : महानगरपालिकाबाट प्रवाह हुने सेवा सुविधाका सम्बन्धमा सार्वजनिक सुनुवाई सामाजिक परीक्षण लगायतका विषयमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. ११** : महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना (आ.व.२०८१/८२-२०८५/८६) छलफल पश्चात् स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** : महानगरको वडा नं. २४ स्थित कास्किकोट स्वास्थ्य चौकीका लागि भवन निर्माण गर्न जग्गा उपलब्ध गराउने जग्गादातालाई स्वास्थ्य महाशाखाको स्वीकृत दरबन्दीको कार्यालय सहयोगी पदमा करार सेवामा नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. १३** : Study And Research Center , काठमाण्डौं बाट तयार भएको वडा सहित महानगरपालिकाको पार्श्व चित्र नगर कार्यपालिकाबाट स्वामित्व ग्रहण गर्ने निर्णय गरियो ।